# कागेश्वरी मनहरा नगरपालिका कार्यालय
## डाँछी, काठमाडौं

# सार्वजनिक सूचना

### प्रथम पटक प्रकासित मिति २०७३।०४।१६

कागेश्वरी मनहरा नगरपालिकाको कार्यालय, डाँछी, काठमाण्डौंले यस नगरपालिका गठन हुनु पूर्व साविकका ६ वटा गाउँ विकास समितिहरु गागलफेदी, आलापोट, भद्रवास, डाँछी, मूलपानी र गोठाटारबाट निर्माण नियमित प्रमाणपत्र लिई निर्माण गरेका तर भवन निर्माण सम्बन्धी मापदण्ड र भवन निर्माण संहिता २०६४ र २०७२ अनुसार नभएको र नक्सा पास नभएको कारणले निर्माण सम्पन्न प्रमाणपत्र नलिएका तथा निर्माण स्वीकृती नलिई निर्माण भएका भवनहरुको निश्चित मापदण्डको आधारमा अभिलेखिकरण गर्ने प्रयोजनका लागि २०७३ कार्तिक मसान्त भित्र नगरपालिकाबाट निवेदनको ढाँचा लिई संलग्न कागजातसहित निवेदन पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । प्रस्तुत अभिलेखिकरणको कार्य यो सूचना प्रकाशित हुनु पूर्व निर्माण भएका भवनहरुको हकमा मात्र लागू हुनेछ ।

**निवेदनसाथ संलग्न गर्नु पर्ने प्रमाणहरुः-**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपि १ थान
- मालपोत तिरो तिरेको रसिदको प्रतिलिपि - १ थान
- राजिनामा लिखतको प्रतिलिपि -१ थान (हालै खरिद भएको भवनको लागि)
- नक्सा बनाउने प्लानर तथा प्राविधिकको नेपाल ईन्जिनियङ्ग परिषद्को अनुमती पत्र(NEC council license) वा काठमाण्डौं महानगरपालिकाको अध्यावधिक ईजाजत पत्रको प्रतिलिपि -१ थान
- जग्गाधनिको पासपोर्ट साईजको पोटो - २ थान
- ब्ल्यूप्रिन्ट नक्सा सक्कलै -१ थान
- चार किल्ला प्रमाणित
- प्रमाणित वा सिफारिस वा स्वीकृत नक्सा
- निर्मित भवनको नक्सा सक्कलै -२ थान
- घरको २ तर्फ देखिने गरी खिचिएको रंगिन पोटो १/१ प्रति
- घरको स्थलगत (फिल्ड) सर्जमिन

**नोटः-** निवेदनको ढाँचा नगरपालिकाको Web-site (www.kageshworimanoharamun.gov.np) बाट समेत Download गर्न सकिनेछ